**अनुसूची-१**

(संस्थाले आह्वान गर्ने सूचनाको नमुना)

## ......सहकारी संस्था लि.............

.......................................

प.सं............. मिति :..............

च.नं.............

**विषय : साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रममा सहभागिताका लागि आवेदन भर्ने सूचना ।**

यस संस्थाले साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को समन्वयमा नेपालका लागि इजरायली राजदूतावासको सहयोगमा इजरायलका विभिन्न कृषि तालिम केन्द्रहरुले आयोजना गर्ने १० महिने कृषि तालिममा भाग लिन इच्छुक योग्यता पुगेका साना किसान सदस्य परिवारका युवायुवतीहरुले निम्न मितिभित्रमा यस संस्थामा आई तोकिएको ढाँचामा निवेदन पेश गर्नु हुन अनुरोध छ । आवेदनको नमुना संस्थामा उपलब्ध छ ।

**१. आवेदकको न्यूनतम योग्यता :**

(क) सम्बन्धित संस्थाको शेयर सदस्य हुनुपर्ने वा शेयर सदस्यको एकाघर परिवारको सदस्य (पति/पत्नी/छोरा/छोरी/बुहारी/नाति/नातिनी/संस्थाले एकाघर परिवारको हो भनी निर्णय गरेको व्यक्ति) हुनुपर्नेछ । तर, शेयर सदस्य भएको १ वर्ष पुरा नभएको सदस्य वा निजको एकाघर परिवारको सदस्य यस कार्यक्रमको लागि अयोग्य हुनेछन् ।

(ख) सम्बन्धित संस्थाको कार्यक्षेत्रमा घटिमा विगत २ वर्षदेखि बसोबास गरेको र कृषि पेशा अबलम्बन गरेको परिवारको सदस्य हुनुपर्नेछ ।

(ग) २०७.... चैत्र मसान्तसम्ममा ...... वर्ष पुरा भई .... वर्ष उमेर ननाघेको हुनु पर्नेछ । (सम्बन्धित तालिम केन्द्र/कलेजले निर्धारण गरे बमोजिम हुने ।)

(घ) कक्षा १२ उतिर्ण गरेको हुनुपर्नेछ ।

(ङ) पारिवारिक कृषि पेशामा संलग्न भई कृषि कार्य गर्दै गरेको हुनुपर्नेछ ।

(च) प्रशिक्षण अवधि पुरा भए पछि अनिवार्य रुपमा स्वदेश फर्कने कुराको ग्यारेण्टी गरेको हुनुपर्नेछ ।

(छ) वित्तीय संस्था निर्देशिका र यससँग सम्बन्धित सहयोगी निकायले तोकेका शर्तहरु पूर्ण रुपले पालना गर्न मञ्जुर गरेको हुनु पर्नेछ ।

**२. छनौटका लागि प्राथमिकता दिइने क्षेत्रहरु :**

(क) कृषि पेशामा प्रत्यक्ष संलग्न भएको,

(ख) कृषि पेशा बाहेक अन्य विकल्प कम भएको,

(ग) समूहमा रही संस्थाको नियम अनुसारको अनुशासन पालना गर्ने परिवारको सदस्य भएको,

(घ) तुलनात्मक रुपमा गरिब,

(ङ) प्रशिक्षण पुरा गरी नेपाल फर्किए पछि कृषि पेशामा आबद्ध. हुने प्रतिवद्धता गर्ने व्यक्ति ।

**३. तोकिएको ढाँचाको आवेदनसाथ पेश गर्नु पर्ने कागजातहरु :**

(क) आफू वा आफ्ना परिवारका सदस्यका संस्थाको नाममा रहेको शेयर प्रमाणपत्रको प्रतिलिपि ।

(ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ग) आफूले हासिल गरेको पछिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।

(घ) छनौट भएका आवेदकहरुको अन्य आवश्यक कागजातहरु संस्था/वित्तीय संस्था/तालिम केन्द्रले पछि माग गर्न सक्ने छन् ।

**४. कार्यक्रम सम्बन्धी अन्य जानकारी :**

(क) यस कार्यक्रम अन्तरगत अन्तिम छनौटमा परेका युवायुवतीहरुले इजरायलका विभिन्न कृषि तालिम केन्द्र/कलेजहरुमा १० देखि ११ महिना अवधिका लागि कृषि प्रशिक्षार्थीका रुपमा भाग लिन सक्नेछन् ।

(ख) प्रशिक्षार्थीले उक्त तालिम केन्द्र/कलेजको नियमानुसार हप्ताको १ दिन कक्षागत सैद्धान्तिक तालिममा भाग लिनु पर्ने, १ दिन बिदा हुने र बाँकी ५ दिन इजारायलको ग्रामीण कृषि फारममा कार्य गर्न अवसर प्राप्त गर्नेछन् ।

(ग) कृषि फारममा कार्य गरेवापत प्रशिक्षार्थीले इजरायली नियम अनुसार पारिश्रमिक पाउनेछन् ।

(घ) सहभागी प्रशिक्षार्थीले हवाई टिकट, अध्ययन शुल्क, आवास, शैक्षिक सामाग्री, पोशाक, खाना, पासपोर्ट, स्वास्थ्य परीक्षण तथा अन्य आवश्यक सम्पूर्ण खर्चहरु स्वयम् व्यहोर्नु पर्नेछ ।

(ङ) साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.ले आवश्यक भएमा प्रशिक्षार्थी छनौट प्रकृया, अभिमुखिकरण गोष्ठी, यात्रासँग सम्बन्धित कागजात तयारी (पत्र आदि) जस्ता कार्यमा सहजीकरण गर्नेछ ।

(च) संस्थाबाट छनौट भएका आवेदकहरुलाई उपयुक्त विधि वा अनलाईन विधिबाट प्रारम्भिक छनौट गरिनेछ । प्रारम्भिक छनौटमा परेका आवेदकहरुको उक्त इजरायली तालिम केन्द्र/कलेजका प्रतिनिधिहरुले अनलाईन

अन्तर्वार्ता लिनेछन् । अन्तर्वार्तामा सफल भएका आवेदकहरु आवश्यक स्वास्थ्य परीक्षणमा सफल भएको अवस्थामा मात्र अन्तिम छनौट भएको मानिने छ ।

(छ) अन्तिम छनौटमा परेका आवेदकहरूले नेपालमा समेत साना किसान विकास लघुवित्त वित्तीय संस्थाले तोकेको निर्धारित पाठ्यक्रमको कृषि तालिम/अध्ययन पुरा गर्न निर्देशन गरेमा सोही अनुसार गर्नु पर्नेछ । यो तालिम आवेदकहरू इजरायल जानु पूर्व वा त्यहाँबाट फर्किए पछि वा दुवै चरणमा हुन वा नहुन सक्नेछ । यस किसिमको तालिममा लाग्ने सबै खर्च आवेदक स्वयम्ले बेहोर्नु पर्नेछ ।

(ज) अन्तिम छनौटमा परेका आवेदकहरुले तोकिएको १० देखि ११ महिनाको अवधि पुरा गरेपश्चात अनिवार्य रुपमा नेपाल फर्किनु पर्नेछ । यसरी नेपाल फर्किने/फर्काउने कुराको ग्यारेण्टीका लागि आवेदकले संस्थामा तोकेअनुसार कम्तिमा रु. १४ लाख बराबरीको धितो/जमानत राख्नु पर्नेछ । उल्लिखित अवधि भित्र नेपाल फर्की नआई इजरायलमा नै भागी/लुकी/सम्पर्कविहीन भई बसेमा निज प्रशिक्षार्थी तथा निजका अभिभावकले गरिदिएको मञ्जुरीनामा/कवुलियतनामा अनुसारको रकम अभिभावकहरुले संस्थामा जम्मा गर्नु पर्नेछ । तोकिएको समयमा तोकिएको रकम संस्थामा जम्मा नगरेमा संस्था स्वयंले रोक्का वा रजिष्ट्रेशन पारित गरिलिएको धितो सम्पत्ति लिलाम बिक्री गरी सोबाट असुल उपर गरी सो रकम साना किसान विकास लघुवित्त वित्तीय संस्थामा जम्मा गरिदिनेछ । साथै, नगद धरौटीवापत एक लाख रुपैयाँ साना किसान विकास लघुवित्त वित्तीय संस्थाले तोकेको बैंक खातामा जम्मा गर्नुपर्नेछ । उक्त नगद रू १ लाख र सोमा ६ प्रतिशत वार्षिक ब्याजदर सहितको एकमुष्ट रकम निजले माथि बुँदा (छ) अनुसारको तालिम पुरा गरी नेपाल फर्किएपछि वित्तीय संस्थाले साना किसान कृषि सहकारी संस्था लि. ........................... मार्फत भूक्तानी गरिदिनेछ । उल्लिखित अवधि भित्र आवेदक नेपाल फर्की नआई इजरायलमा नै भागी/लुकी/सम्पर्कविहीन भई बसेमा नगद धरौटी राखेको रु. १ लाख समेत साना किसान विकास लघुवित्त वित्तीय संस्थाले जफत गर्नेछ ।

(झ) तालिम केन्द्रका शर्त, सुविधा, आचारसंहिता, पाठ्यक्रम तथा अन्य सम्पूर्ण विषयहरुमा आवेदकले सम्बन्धित तालिम केन्द्र/कलेजका वेभसाइट/ईमेल/पत्राचार वा अन्य कुनै तरिकाले सम्पर्क राखी जानकारी प्राप्त गर्नु पर्नेछ । आवेदकहरुले तालिम केन्द्रका शर्त, सुविधा, आचारसंहिता, पाठ्यक्रम तथा अन्य सम्पूर्ण विषयहरुमा आफूले जान्नु पर्ने कुराहरु एवं आफ्ना सम्पूर्ण जिज्ञासाहरु तिनै इजरायली तालिम केन्द्र समक्ष राख्नु पर्नेछ । तालिममा सहभागी हुनु पूर्व वा तालिममा सहभागी भए पछि पनि यी विषयहरुमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. वा साना किसान कृषि सहकारी संस्था............लाई जिम्मेवार बनाउन पाईने छैन ।

(ञ) सम्बन्धित आवेदक नेपाल फर्किएका प्रशिक्षार्थीलाई कृषि सम्बन्धी सिकेको सिपको व्यावसायिकरणका लागि साना किसान कृषि सहकारी संस्था.......ले नियमानुसारको वित्तीय सेवा प्रदान गर्न सक्नेछ ।

(ट साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र यस संस्थाले छनौट भएका प्रशिक्षार्थीहरुलाई "साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम निर्देशिका, २०७१ (संशोधन समेत) मा उल्लेख भएका कुराहरुमा मात्र सहजीकरण गर्नेछ ।

(ठ) विशेष कारण परी यो कार्यक्रम कुनै पनि समयमा स्थगन वा रद्द गर्नु पर्ने भएमा सो अधिकार साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र इजरायली राजदूतावासमा शुरक्षित रहने छ ।

(ड) हालसम्म यस कार्यक्रम अन्तरगत विभिन्न जिल्लाका हजारौं जनाले प्रशिक्षण प्राप्त गर्ने अवसर पाएका छन् । इच्छुक आवेदकले ती प्रशिक्षार्थीहरुसँग समेत सम्पर्क गरी यस कार्यक्रमको बारेमा विस्तृत जानकारी लिन सक्नेछन् । सफलता पूर्वक तालिममा सहभागी भई फर्किने प्रशिक्षार्थीहरूको नाम तथा सम्पर्क इमेलहरू साना किसान विकास लघुवित्त वित्तीय संस्थाको वेभसाइटमा हेर्न सकिने छ ।

(ढ) यो कार्यक्रम साना किसान युवायुवतीहरु मार्फत कृषिमा व्यवसायीकरणका लागि गरिएको एक नमुना प्रयास हो । यस कार्यक्रममा भाग लिए वापत साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र साना किसान कृषि सहकारी संस्था लि.............ले समेत कुनै पनि नाममा शुल्क वा दस्तुर लिने छैन । त्यसै गरी प्रशिक्षार्थी छनौट प्रक्रियादेखि प्रशिक्षण समापन भई निज फर्किएर नेपाल आएसम्म पुरै अवधिमा निजसँग वा निजको सन्दर्भलाई लिएर साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. वा साना किसान कृषि सहकारी संस्था लि. ........ले सम्बन्धित प्रशिक्षार्थीका कुनै पनि किसिमका लागत वा खर्च वा क्षतिपूर्ति व्यहोर्ने छैन ।

**भवदीय,**

| | |
|---|---|
| ........................................... | ...................................... |
| (नाम :................................) | (नाम :............................) |
| पद : प्रबन्धक | पद : अध्यक्ष |